म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १५० २०८१ वैशाख ९ गते आइतबार 21 April 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता,
गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

**विद्यार्थी भर्ना अभियान-२०८१**

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

## साहित्य संगमले गऱ्यो १४ जना स्रष्टालाई सम्मान



समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरले १४ जना स्रष्टालाई सम्मान गरेको छ । शनिबार ३ सय ४२ औं नियमित साहित्य सन्ध्याको अवसरमा आयोजिक कार्यक्रममा मकवानपुर जिल्लामा रहेर २०८० सालमा कृति प्रकाशन गरेर साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै कृति प्रकाशनार्थ सम्मान २०८० बाट कदरपत्रसहित १४ जना स्रष्टालाई सम्मान गरेको हो ।

संगमले माटोको मोह कृतिका लेखक तुलसी घिमिरे र महाश कृतिका लेखक मुना अर्याललाई सम्मान गरेको छ । अकिञ्चनका आर्तहरुका स्रष्टा देवराज खरेल र घुम्दै फिर्दैका स्रष्टा जनार्दन खनाल सम्मानित हुनुभएको छ । यस्तै, अनुत्तरित प्रश्नबाट समीर पाखिन, जुनेलीबाट पुरुषोत्तम आचार्य र बैकिङ क्षेत्रमा बढेका पाइलाहरुबाट सुदर्शन अधिकारीलाई सम्मान गरिएको छ । यसैतगरी, अन्तर्दृष्टिबाट बिशन पौडेल, व्यथाभित्रको कथाबाट श्यामप्रसाद श्रेष्ठ, म कथा भन्छु नि लबाट सीएम रिमाल, हार्न नसक्ने मान्छे मबाट गणेशकुमार तिमल्सिना, प्रारम्भिक संस्कृत व्याकरणबाट उदिम पन्त, पल्लवित पाइलाबाट कृशु अर्याल र मेकिङ इट इजीबाट आदर्श पौडेललाई सम्मान गरेको हो ।

संगमका अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्ष तथा अग्रज साहित्यकार नवराज शर्मा तिमल्सिनाको प्रमुख आतिथ्यमा नियमित साहित्य सन्ध्या तथा सम्मान कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष बर्तौलाले सम्मानपत्रका लागि नगद ५ हजार रुपैयाँ सहयोग गर्ने हेटौंडा-१८ निवासी लक्ष्मण भुजेललाई धन्यवाद व्यक्त गर्नुभएको छ । २०८० सालमा कृति प्रकाशन गरेर सम्मान हुने सम्पूर्णलाई शुभकामना व्यक्त गर्नुहुँदै साहित्य क्षेत्रमा क्रियाशील भइरहने अपेक्षा गर्नुभयो ।

कार्यक्रममा देवराज तिवारी, अनसुया खनाल, राजबहादुर बुढा, मसान उपासक, सुवास सजल, स्वस्तिका दहाल, राजकुमार चौधरी, एलिजा ढकाल, ऋषिराम पाण्डेलगायतले रचना वाचन गर्नुभएको छ । कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, साहित्यकार जनार्दन खनाल, सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने, आँचल साहित्य कला पुञ्ज मकवानपुरकी उपाध्यक्ष निरा शर्मालगायत विभिन्न साहित्यकारहरुको उपस्थिति रहेको थियो ।

## जन्तीबस दुर्घटना हुँदा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका-५, धारवतीमा जन्ती बोकेको बस दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ भने ५२ जना घाइते भएका छन् । मृत्यु हुनेमा दोलखा भीमेश्वर नगरपालिका-१ बस्ने १७ वर्षीय शिव श्रेष्ठ, ७० वर्षीय मानबहादुर थामी र १९ वर्षीय दीपेन्द्र थामी रहेको प्रहरीले जानकारी दिएको छ ।

शुक्रबार बिहान ६ बजेर १५ मिनेटको समयमा बा ४ ख ५६१६ नम्बरको बस सुस्तबाट सिन्धुपाल्चोकको मुलाबारीमा जन्ती लिएर जाँदै गर्दा सडकबाट चिप्लिएर एक सय मिटर तल खसेको थियो । बसमा सवार ५५ जनामध्ये ३ जनाको घटनास्थलमा नै मृत्यु भएको थियो भने ७ जना गम्भीर र बाँकी सामान्य घाइते भएका थिए ।

घाइतेहरुलाई उपचारका लागि विभिन्न अस्पताल लगिएकोमा सामान्य उपचारपश्चात् २९ जनालाई डिस्चार्ज गरिएको छ । घाइतेमध्ये ८ जना ट्रमा सेन्टरमा उपचाररत छन् भने २ जना सिन्धु सदाबहार अस्पतालमा उपचाररत छन् । यस्तै, १३ जना सामुदायिक अस्पताल चरीकोट, दोलखामा उपचाररत रहेको प्रहरीले जानकारी दिएको छ ।

## आत्मकथा बेचेर कारखाना सञ्चालन गर्दै महावीर पुन

काठमाडौं । राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष डा. महावीर पुनले आफ्नो आत्मकथा पुस्तक बेचेर आएको पैसाले कृषि औजार कारखाना सञ्चालन गर्ने भएका छन् । डा. पुनले शनिबार सामाजिक सञ्जालमार्फत् सो कुराको जानकारी दिएका हुन् ।

उनले त्यसका लागि वीरगञ्ज कृषि औजार कारखानामा जागिर खुलेको सूचनासमेत प्रकाशित गरेका छन् । रोजगारीको सूचनामा पुनले मेकानिकल इन्जिनियरदेखि मेशिन निर्माणकर्ता समेत गरी २४ जना जनशक्तिको आवश्यकता रहेको जनाएका छन् । पुनले भनेका छन्- 'वीरगञ्ज कृषि औजार कारखानामा जागिर खुल्यो । आफ्नो लागि जागिर खान र जन्मभूमिको लागिमा केहि गरेर देखाउन चाहनेहरुले सम्पर्क गर्नुहोला । महावीर पुनको आत्मकथाको किताब बेचेर आएको पैसाले कारखाना सञ्चालन हुँदैछ ।' पुन वर्षौंदेखि बन्द भएको वीरगञ्ज कृषि औजार कारखानालाई पुनः सञ्चालन गर्ने तयारीमा छन् । उनले केही दिनअघि आत्मकथा पुस्तक बिक्री गरेर पाँच करोड आम्दानी भएको जानकारी दिएका थिए । सोही पैसा उनले कारखानामा लगानी गर्न लागेका हुन् । *(स्रोतः रातोपाटी)*

## गोविन्द केसीले दिए अनशन बस्ने चेतावनी

काठमाडौंः चिकित्सा शिक्षा सुधार का अभियन्ता डा. गोविन्द केसीले आफूसँग विगतमा भएको सहमति कार्यान्वयन गर्न सरकारलाई ३ हप्ताको अल्टिमेटम दिएका छन् । पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगले कारबाही सिफारिस गरेका पदाधिकारीलाई कारबाही तथा सबै नेपालीलाई निःशुल्क उपचारसम्बन्धी आफूले उठाउँदै आएका माग सम्बोधन गर्न उनले तीन हप्ताको समय दिएका हुन् ।

६ वर्षअघि कार्की नेतृत्वको समितिले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएको प्रतिवेदन गत २८ चैतमा सार्वजनिक भएको थियो । त्यस्तै, नागरिक अधिकार, सशस्त्र द्वन्द्वकालका पीडितलाई न्याय र पीडकलाई सजाय दिनुपर्ने, गेटामा तुरुन्त स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गर्ने, गण्डकी र मधेश प्रदेशका साथै इलाम, उदयपुर र डडेल्धुरामा मेडिकल कलेज/प्रतिष्ठान तुरुन्त निर्माण गर्नुपर्ने उनले माग राखेका छन् ।

केसीले उच्च शिक्षा र प्रतिष्ठानसम्बन्धी ऐन तुरुन्त पारित गर्नुपर्ने नभए आफू सत्याग्रहलगायत दबाबमूलक कार्यक्रम गर्न बाध्य हुने चेतावनी दिएका छन् । उनले रुसी सेनामा भर्ना भएका सबै नेपालीहरुलाई फिर्ता बोलाउन र थप जान रोक लगाउने व्यवस्था तत्काल गर्न पनि माग गरेका छन् । *(स्रोतः अनलाइनखबर)*

## ३ जिल्लामा ३ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ३ जिल्लामा एकैदिन ३ जना मृत फेला परेका छन् । प्रदेशको काभ्रेपलाञ्चोक, धादिङ र रामेछाप जिल्लामा एकैदिन ३ जनाको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका-७, बेइनिङ प्लानको जंगलमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा धुलिखेल नगरपालिका-३, बाँसघारी बस्ने ४२ वर्षीय राजकुमार न्यौपाने रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार न्यौपाने भक्तपुर जान्छु भनि घरबाट हिँडेकोमा शुक्रबार बिहान ८ बजेर २० मिनेटको समयमा घाँस काट्न गएको मानिसहरुले जंगलमा मृत अवस्थामा फेला पारेको प्रहरीले जानकारी दिएको छ । धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-८, खानीखोलामा एक जना पुरुषको शव फेला परेको छ । शुक्रबार बिहान ७ बजेको समयमा त्रिभुवन राजपथको सडक छेउमा नामथर नखुलेको, मागी खाई हिँड्ने अन्दाजी ४५ वर्षीय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि टिचिङ अस्पताल काठमाडौं पठाइएको छ । यस्तै, रामेछाप जिल्लाको मन्थली नगरपालिका-४, सिम्लेमा कुवामा डुबिरहेको अवस्थामा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा २६ वर्षीय हर्कबहादुर भुजेल रहेको प्रहरीले जानकारी दिएको छ । शुक्रबार भुजेल देवीथानस्थित कुवामा डुबिरहेको अवस्थामा फेला पारी कुवाबाट बाहिर निकाली हेर्दा मृत्यु भइसकेको प्रहरीले जानकारी दिएको छ ।




**एसईई सकियो**

**एक साताको आराम पनि सकियो**






नतीजा आउन झण्डै २ महिना बाँकी छ ।
फुर्सदको समय सदुपयोग गर्ने
र
सञ्चार क्षेत्रमा भविष्य खोज्ने तपाइँका लागि
हामी साथ दिन सक्छौं ।

९८५५०६८२२७

समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# सामुदायिक विद्यालयमा आकर्षण

सरकारी बेवास्ता र राजनीतिकरणले कमजोर बनेका मुलुकका सामुदायिक (सरकारी) विद्यालयहरुको भौतिक तथा शैक्षिक अवस्थामा सुधार हुँदै गएको छ । अंग्रेजी माध्यम, आकर्षक सुविधा र राम्रो नतिजाका कारण संस्थागत (निजी) विद्यालयप्रति अभिभावक र विद्यार्थीलाई आकर्षित गर्दै आएका छन् । शहरी क्षेत्रका अधिकांश अभिभावक तथा विद्यार्थीको रोजाइमा संस्थागत विद्यालय पर्न थालेपछि अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गइरहेको थियो । पछिल्लो समय सामुदायिक विद्यालय सुधारका लागि व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र स्थानीय अभिभावकको चासो बढेसँगै धेरै सामुदायिक विद्यालय पनि अब्बल बन्दै गएका हुन् । विद्यालय तहको शिक्षाको अधिकार स्थानीय सरकारमा आएपछि स्थानीय सरकारको अग्रसरतामा सामुदायिक विद्यालय सुधारका प्रयासहरु भइरहेका छन् । यसकारण पनि सामुदायिक विद्यालयप्रति अभिभावक तथा विद्यार्थीको आकर्षण बढ्न थालेको छ ।

अहिले नयाँ शैक्षिक सत्रको सुरुवात भएको छ । अधिकांश विद्यालयमा नयाँ विद्यार्थी भर्ना चलिरहेको छ । सामुदायिक विद्यालयहरु सरकारले तय गरेको विद्यार्थी भर्ना अभियानमा जुटिरहेका छन् । यसै क्रममा हेटौंडाका केही सामुदायिक विद्यालयहरुमा भने विद्यार्थी भर्ना गर्न अभिभावकको लर्को लागिरहेको छ । शुक्रबारमात्र हेटौंडाको आधुनिक राष्ट्रिय माविले नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सञ्चालन गरेको छ । विद्यालयमा भर्ना हुन चाहने पूर्वप्राथमिक तहदेखि कक्षा ९ सम्म करिब एक हजार विद्यार्थीले प्रवेश परीक्षा दिएका छन् । विद्यालयले भने करिब ४ सय नयाँ विद्यार्थी भर्ना गर्नसक्ने जनाएको छ । विद्यालयमा प्रवेश परीक्षा दिने अधिकांश विद्यार्थी संस्थागत विद्यालयबाट आएका छन् । प्रवेश परीक्षा दिनेमध्ये आधाजसो मधेश प्रदेशको पर्सा, बारा, रौतहट तथा सर्लाही जिल्लाका विद्यार्थी छन् । सामुदायिक विद्यालयहरुले पनि संस्थागत विद्यालयहरुले जस्तै अंग्रेजी माध्यममा पठनपाठन गराइरहेका कारण संस्थागत विद्यालय छाडेर सामुदायिक विद्यालयमा भर्ना हुन चाहनेको संख्या उल्लेख्य रहने गरेको छ ।

हेटौंडा उपमहानगरकै भूटनदेवी मावि, बालज्योति मावि, सिद्धार्थ मावि, प्रगति मावि, श्रमिक माविजस्ता विद्यालयहरुमा पनि विद्यार्थीको आकर्षण बढ्दै गएको छ । ती विद्यालयहरुले अंग्रेजी माध्यमबाट पठनपाठन गराउनुका साथै शैक्षिक गुणस्तर सुधार गर्दै लगेका कारण विद्यार्थीको आकर्षण बढेको हो । संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको अवस्थामा सामुदायिक विद्यालयप्रति विद्यार्थीको आकर्षण बढ्नु सकारात्मक हो । संस्थागत विद्यालयहरुले विद्यार्थीसँग शुल्क लिएर पठनपाठन गराइरहेका छन्, जुन उनीहरुको बाध्यता पनि हो । संस्थागत विद्यालय सञ्चालनका लागि अनुमति दिने र आवश्यक नियमन गर्नेबाहेक सरकारले कुनै प्रकारको सहयोग गर्दैन । तर, सरकारी विद्यालय भन्ने गरिएको सामुदायिक विद्यालयबाट पनि विद्यार्थीले पूर्ण निःशुल्क शिक्षा प्राप्त गर्न सकेका छैनन् । धेरै विद्यार्थी भएका सामुदायिक विद्यालयहरुले निजी स्रोतबाट थप शिक्षक, कर्मचारी व्यवस्थापन गर्नुपर्ने र विद्यालयको दैनिक प्रशासनिक र अन्य सञ्चालन खर्चका लागि पनि अभिभावकसँग सहयोग संकलन गर्दै आएको दावी गर्ने गरेका छन् ।

सामुदायिक विद्यालय राम्रो बन्दै जाँदा यसको प्रत्यक्ष फाइदा विद्यार्थी र अभिभावकलाई हुन्छ र हुनुपर्छ । सामुदायिक विद्यालय राम्रो हुँदा निजी विद्यालयमा महंगो शुल्क तिर्दै आएका अभिभावकले न्यून शुल्कमा सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाउन सक्छन् । स्थानीय, प्रदेश र संघीय सरकारले शिक्षा क्षेत्रमा गर्दै आएको लगानीमा केही थप गरिदिने र विद्यालय सञ्चालनका लागि आवश्यक रकम उपलब्ध गराइदिने हो भने निःशुल्क शिक्षा प्रदान गर्न सकिन्छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय सरकार सबैले सामुदायिक विद्यालय भर्ना हुन चाहने सबै विद्यार्थीलाई भर्ना गराएर पठनपाठन गराउने व्यवस्था गर्नु आवश्यक छ ।

# उपनिर्वाचनले दिने राजनितिक सन्देश



✍ बिशभ अधिकारी

शुभाषचन्द्र नेवाङको निधन पछि रिक्त रहेको ईलाम २ र बझाङको प्रदेशसभाको उपनिर्वाचनले मुलुक तरंगित छ।अहिलेको ताजा जनादेश कस्को पक्षमा छ भन्ने मापन यो निवार्चनको परिणामले गर्ने छ।चितवन र तनहुमा गयको उपनिर्वाचनमा जनताले दल त परिवर्तन गरेनन तर मत व्यापकरुपले परिवर्तन गरे।दलिय गठबन्धनलाई पराजित गरेर रास्वपाले दुबै क्षेत्रमा भारिमतका साथ बिजय हासिल गर्यो।तत्कालिन गठबन्धन मात्र होईन कांग्रेस र एमालेले चितवन र तनहुँमा मिलेर उम्मेदवार उठाउने महागठबन्धनकारि प्रयासलाई पनि चितवन र तनहुका जनताले निस्तेज बनाई दिए ।

जनता एकोहोरिय पछि कसैको केहि नचल्दो रै छ भन्ने सन्देश गत निर्वाचणको परिणामले दियो । त्यतिमात्र होईन ठुला दलप्रतिको चरम बितृष्णा एकातिर देखियो भने अर्को तर्फ बैकल्पिक शक्तिको आवश्यकता र खोजिको रुझान पनि देखियो । रास्वपा संसदको चौथौ ठुलो शक्ती बन्नुमा ठुलो दलहरुप्रतिको बिकर्षण पनि हो । देशमा शुसासनको अभाव, बढदो भष्टाचार युवावर्गको पलायन बैदेशिक शक्तिको हस्तक्षेप निरन्तरको राजनितिक अस्थिर ताबाट आजित जनता नयाँ राष्ट्रिय शक्तीको खोजिमा छन । ईमान्दार र निष्ठा भयका देश बनाउने हुटहुटी बोकेका पढेका जमात अबको राजनितिको मियो बन्नसक्नुपर्छ । यहि पृष्ठभुमिमा ईलाम र बझाङमा उपनिर्वाचनको माहौल तात्दैछ । कांग्रेस एमाले रास्वपा पहिचानवादीको नाममा स्वतन्त्र उम्मेदवार बिच प्रतिस्प्रर्धा हुने देखिन्छ। रास्वपाले मिलन लिम्बुलाई टिकट दियको छ। शुभाष नेवाङले साँघुरो मतले कांग्रेसलाई हरायको क्षेत्र हो यो । जम्मा ११४ मतको फरकले नेवाङ बिजयि भएका थिए । तेतिबेला कांग्रेसलाई माओवादीको समर्थन रहेको थियो अब यो सुबिधा कांग्रेसलाई छैन भने अब एमालेलाई माओवादीको समर्थन हुने देखिन्छ ।

अघिल्लोपटक रास्वपाको उम्मेदवार प्रकाश सापकोटाले १३८० मत प्राप्त गरेका थिए। यसपटक रास्वपाले मिलन लिम्बुलाई टिकट दियर तंरग ल्याएको छ। पत्रकार माओवादी पृष्ठभूमिका लिम्वु चर्चित जोशिला यूवा हुन।स्वयंम गृहमन्त्रि लामिछाने नै यिन्को लागि भोट माग्न ईलाम पुगे । मिशन ८४ भन्ने रास्वपाले ८४मा बहुमत ल्यायर सरकार बनाउने दावि गरिरहेको छ तसर्थ यो उपनिर्वाचन रास्वपाको लागि ठुलो चुनौति देखियको छ।

सुहाङ नेवाङ पढेलिखेका शालिन युवा हुन यिनलाई बाबुको सहानुभुति र माओवादी समर्थन छ तर भूगोल बसेर काम गर्ने मानिसको अबमूल्यन भयो, राजाको छोरा राजा हुने सामन्ति परिपाटीको अन्त्य हुनुपर्छ भन्ने बलियो मत एमाले भित्र सुनिन्छ। यस्ले अन्तर्घातको सम्भावनालाई नकार्न सकिदैन।तर जनता अब हिजो जस्तो छैन न कार्यकर्ता नै हिजोको जस्तो प्रतिबद्द छन। पार्टि नेता संगठन अनुशासन बिचार एकातिर हुंदाहुँदै पनि जनता पार्टी भन्दा राम्रा मानिस ईमान्दार मान्छे योग्य मानिस छनौट हुनुपर्ने निष्कर्षमा पुग्दैछन ।

उप-चुनावको दुरगामि सन्देश हुनेहुँदा यस्ले एउटा पार्टीको पक्षमा वा कुनै अभियानको पक्षमा वा व्यक्तिको पक्षमा लहर आउँदै छ भन्ने देखाउँछ भने अर्को तर्फ सरकारको लागि आसन्न पराजयको भावना सिर्जना गरि मनोवैज्ञानिक असर र प्रभाव पार्न सक्छ। उदाहरणका लागि, क्यानाडामा, डेबोरा ग्रेको सन् १९८९ को बेभर रिभरमा भएको उपचुनावको विजयलाई प्रमाणको रुपमा हेरिएको थियो। क्यानाडाको नवगठित रिफर्म पार्टी एक गम्भीर राजनीतिक दावेदार हुनेछ र यसले सत्तारुढ प्रोग्रेसिभ कन्जरभेटिभहरुका लागि गम्भीर राजनीतिक खतरा खडा गरेको थियो । त्यसतै २००४ देखि वेन्टवर्थको सदस्यको रुपमा सेवा गरेका पूर्व प्रधानमन्त्री माल्कम टर्नबुलको राजीनामा पछि २०१८ वेन्टवर्थ उप-चुनाव भएको थियो । वेन्टवर्थलाई लिबरल पार्टीको लागि असाधारण रुपमा सुरक्षित सीट मानिन्थ्यो। लिबरल पार्टी र यसको पूर्ववर्ती पार्टीहरु १९०१ मा यसको स्थापना भएदेखि यस स्थानबाट हारेका थिएनन्। इजरायलका लागि पूर्व राजदूत डेभ शर्मालाई उपनिर्वाचनमा लिबरल पार्टीको उम्मेद्वार बनाइएको थियो । उपनिर्वाचनमा प्रमुख प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार केरीन फेल्प्स थिए । लिबरल पार्टीले सिट गुमाउनको लागि विशाल १७.७% दुई-दलीय रुचाइएको स्विङ आवश्यक थियो । अन्ततः, लिबरलहरुले फेल्प्सलाई १९% स्विङको सामना गर्नु पर्यो, जुन अस्ट्रेलियाको इतिहासमा सबैभन्दा ठूलो उप-चुनाव स्विङ हो, जसले उनलाई सिट जित्यो। यो हानिले संघीय संसदमा लिबरल पार्टीलाई आफ्नो बहुमतबाट वञ्चित गर्यो, उनीहरुलाई अल्पमतको सर कार बनाउन बाध्य बनायो ।

गत स्थानिय चुनावमा केहि स्वतन्त्रहरुले बाजि मारेपछि जनता बिकल्पको खोजीमा छन भन्ने अन्डर करेन्ट बुझेपछि रविलामिछाने निवार्चनको अघि स्वतन्त्र पार्टी स्थापना गरे जनताको मत जित्न सफल भय फलतःअहिले सरकारमा छन संसद भित्र चौथौ शक्तिको रुपमा छन। गत उपनिर्वाचनमा रास्वपाले चमत्कार नै देखायो। त्यसैले हुनुपर्छ ८४ मा बहुमत सहित सरकार चलाउने श्लोगान रास्वपाको रहेको छ।वर्तमान सरकारमा रास्वपाको काम कति प्रभावि हुन्छ त्यस्मा यो पार्टिको भविष्य निर्भर छ । पछील्लो समय रविलामिछाने माथि सहकारी ठगिको आरोप छ । कैयन बिवादास्पद मुद्दामा रबि जोडीयका छन । दोहोरो नागरिकता पासपोर्ट, शालिकराम पुडासैनि सहकारी यिनैलाई आधार बनाएर रबि माथी चौर्थफि आक्रमण छ। रबिले नै रास्वपा जन्मायको हुँदा रविको पतन/उदयमा रास्वपाको भविष्य जोडियको छ । ठुला दलप्रति मानिसको बितृष्णा जागेको बेला रास्वपाले दाउ त मार्यो तर त्यो टिकाउ र स्थायि हुने आंशका छ । मानिसको घण्टिप्रती आकर्षण त छ तर घण्टीको रुपरंग आकार-प्रकार के हो बुझ्न कठिन छ। ईलाम २मा घण्टिको माहौल बिस्तारै बन्दैछ तर गत उपनिवार्चनमा जस्तो लहर आउला ठोकुवा गर्न सकिँदैन ।

एउटा कुरा प्रष्ट छ उपनिवार्चनले एउटा गतिलो सन्देश दिन्छ नै, त्यहि आगामि राजनितिको मार्गदर्शक हुन्छ। राजावादिको जनमत पनी बढेको देखिन्छ । स्वंयम ज्ञानेन्द्रकै उचाई बढेको छ राजावादीपार्टीले भोट कति पाउछन त्यो पनि प्रतिक्षाको बिषय छ । त्यसैले अब नयाँ जनादेश उपनिर्वाचन मार्फत ट्रेलरको रुपमा आउछ नै त्यहि आधारमा ८४मा कस्तो सिनेमा बन्छ त्यो आकलन गर्न सकिन्छ। अस्तु

# पहिले विद्यार्थीले स्कूल खोज्थे–अहिले स्कूल विद्यार्थी खोज्दै घरदैलोमा



✍ रमेश प्रसाद लामिछाने

१. मानव सभ्यताका प्रारम्भिक कालखण्डमा श्रुती शिक्षा अर्थात अघिल्लो पिंढिले पछिल्लो पिंढिलाई सुनाउने अनि सुनेका कुरालाई थपथाप पारेर अर्को जेनरेशनलाई शिक्षा दिदैं विकास हुँदै आएको इतिहास हामीले पढेका छौ। अक्षर लेख्ने र लेखिएका कुराहरु पढ्ने अध्ययन गर्ने अवस्थासम्म पुग्न वर्षौं लागेका भनाईहरु पनि ऐतिहासिक घटनाक्रममा भेट्न सकिन्छ। हाम्रा पुर्खाहरु स्व अध्ययन गर्दथे। पहिलो ग्रन्थका रुपमा वेद लेखियो। वेदमा पनि ऋग्वेद अनि क्रमशः सामवेद, यजुर्वेद र अथर्ववेद लेखिएका हुन् भनिन्छ। घर आदिका भित्तामा कोरिएका धर्सा र चित्रहरु, ढुंगामा लेखिएका शिलालेख, तामामा लेखिएका ताम्रपत्र, आदि प्राचिनकालको अध्ययन सामग्रीका रुपमा प्रयोग भएको पाईन्छ । लप्सी आदिबाट कागज, बाँस निगालोका कलम र विभिन्न काठ तथा झारहरु पकाएर सो को पानी निचोरेर मसी बनाई लेखपढ गरिएको कुराहरु हामीले पढेका छौं। शिक्षा आर्जनका लागि ऋषीमुनीका आश्रममा जाने र गुरुकुल शिक्षा प्रणालीमा खास उमेरमा निश्चित अवधि सम्म कडा अनुशासनका घेरामा विद्या आर्जनको परम्परा पनि शिक्षाको प्राचिनतम उदाहरण भनिन्छ। उक्त शिक्षा श्रवण, घोकाई र प्रयोगात्मक विधिमा आधारित भएको भन्न सकिन्छ । शिक्षा प्रदान गर्ने निश्चित केन्द्रहरु मात्र भएकाले शिक्षा आर्जनका लागि घर छाडेर बाहिर नै जानुपर्ने बाध्यकारी अवस्था रहेको थियो। भारतवर्षका तत्कालिन तक्षशिला, नालन्दा विश्वविद्यालय र वाराणसी विद्या आर्जनका प्रमुख केन्दहरु थिए । विद्या हराए कास्की जानु भन्ने उखान त हामीले धेरै पटक सुनेका छौं। तत्कालिन मिथिलाका राजा जनकको दरबारमा हुने शास्त्रार्थले शिक्षामा महत्वपूर्ण स्थान सहितको प्राथमिकता स्विकार्नै पर्दछ।

२. शिक्षा आर्जनका लागि घर छाडेर अन्यत्र जानैपर्ने अवस्थाका लागि गाई भैंसी बेचेर, घिउ बेचेर, आदिबाट पैसा जम्मा गर्ने, ऋण लिएर पढ्न जाने, खासगरी शहरमा जाने, डेरा खोजेर बस्ने, अध्ययनलाई अत्यन्त महत्व दिने संस्कार हाम्रो प्राचिन शैक्षिक पहिचान हो। विद्यार्थीका पाँचवटा लक्षणहरु काग चेष्टा अर्थात कागको जस्तो चाहना, बको ध्यान अर्थात बकुल्लाको जस्तो ध्यान, श्वान निद्रा अर्थात कुकुरको जस्तो निद्रा, अल्पहारी अर्थात थोरै खाने र गृह त्यागी अर्थात घर छोड्नै पर्ने भनिएको छ । यस्ता भनाईका सत्यताका बारेमा विश्लेषण अर्को विषय हो। प्राचिन नेपालमा गोपालवंशी, लिच्छवि, मल्लहरुको शासन कालखण्डमा समेत कला र साहित्यको विकासका उदाहरण वर्तमानका मठ, मन्दिर, दरबार आदिलाइ लिन सकिन्छ । शाहवंसीय शासनकाल खासगरी जंग बहादुरले औपचारिक रुपमा वि.सं. १९१०मा स्कूल स्थापना गरेपश्चात जुद्ध शमसेर, देव शमसेर र पद्म शमसेरहरु शिक्षालय स्थापनामा सकारात्मक बनेका थिए भन्दा अत्युक्ति नहोला । राणा शासनको अन्त्य पछिको संसदिय कालमा पनि विद्यार्थीले अध्ययनका लागि शिक्षालय धाएर जानुपर्ने स्थिति थियो। वि.सं.२०१७ मा सस्तो लोकप्रियताका लागि नक्शाङ्कन बिनै अन्धाधुन्ध स्कूल स्थापनाका लागि अनुमती दिईएको पाईन्छ। शिक्षा ऐन कानूनका सबालमा भएका कामहरु सकारात्मक रहे पनि तत्कालिन राजाका मतियार पंचहरुले मालिक खुशी बनाउन आवश्यकता भन्दा पनि चाकडीका लागि आआफ्ना पहुँचका स्थानमा शिक्षालय स्थापना गरेकाले विद्यार्थीहरुले नै स्कूल खोज्नु पर्ने बाध्यताले निरन्तरता पाईनै रह्यो ।

३. वि.सं.२०४६ मा निर्दलिय पंचायती शासनकालको अन्त्य पश्चात शिक्षा ब्यवस्थामा आएको परिवर्तनले बिस्तारै शिक्षालयको संख्यामा अनपेक्षित बृद्धि भएकै हो । यता, जनसंख्या बृद्धिदर भने घटदै जाने अर्कोतर्फ विद्यालयको संख्या थपिईरहने संगै वैदेशिक अध्ययन सहज बन्दै बाहिरको आकर्षणमा समेत यताका विद्यार्थीको गन्तब्य बन्नुले शिक्षालयहरु संकटमा पर्न थालेका हुन् । नीजि स्तरमा शिक्षालयहरुको स्थापनाले पनि ठूलै भूमिका सहितको प्रभाव प्रदर्शन गरेकै हुन् । बिगतका शैक्षिक परम्परामा क्रमभङ्गता हुन थाल्यो। बिस्तारै स्कूलहरु विद्यार्थी खोज्न बाहिर निस्किए । यो क्रम बढ्दै गयो। औंलामा गन्न सकिने सिमित सरकारी शिक्षालयहरु बाहेक सबै स्कूलहरुमा विद्यार्थी घटे । यो चुनौति सामान्य भएन । यस बिचमा नेपालको पहिलो र ऐतिहासिक दरबार हाईस्कूलको अवस्था समेत अत्यन्त नाजुक बनेकै हो। संस्थागत अर्थात नीजि शिक्षालयहरु बलिया र प्रभावकारी बन्दै जाँदा सामुदायिक अर्थात सरकारी शिक्षालयहरुमा विद्यार्थी संख्या न्यून हुनुलाई स्वभाविक भन्नै पर्दछ। विद्यालय जाने उमेरका कूल विद्यार्थी मध्ये करिब तिस प्रतिशत विद्यार्थी नीजि स्कूलहरुमा भएको र सत्तरी प्रतिशत भने सरकारी शिक्षालयमा अध्ययनरत भएको भनिएकोछ ।

४. निश्चय नै, विद्यार्थी नभएर नै स्कूल घरघरै पुगेको हो भन्नै पर्दछ। अपेक्षित विद्यार्थी संख्या नहुनुका कारणहरुबारे भएका बहस अधिक छन् । शिक्षालयका संख्या धेरै भए। जनसंख्या वृद्धिदर घटिरहेको छ। शहर केन्द्रित बसाई सराईको कारणले पनि गाउँमा विद्यार्थी भएनन् । शैक्षिक गुणस्तर अर्थात पढाईको स्तरले पनि प्रभाव पारेको भनिन्छ। अभिभावक तथा विद्यार्थी शहर केन्द्रित सुविधाहरुले स्वभाविक विद्यार्थी आकर्षित गरेको भनाई पनि नकार्न सकिन्न। रोजगारी खोज्दै अभिभावक शहर गएपछि उनीहरुका सन्तान सँगै जाने नै भए। बैदेशिक रोजगारीमा गएकाले सम्भव भएसम्म परिवार सँगै लाने भए, यदि परिवार लान नमिल्ने भए शहरमा परिवार राखेर महँगै नीजि स्कूलमा सन्तान पढाउने रहर पनि देखिएकै छ । अर्को तर्फ, सरकारी शिक्षालयहरु शिक्षकका कारणले, ब्यवस्थापनका ब्यवहारले, समुदायको नकारात्मक बुझाईले र स्थानिय तहको संकिर्ण तथा क्षुद्र राजनीतिक खेलहरु एवम् शिक्षा प्रशासनका भ्रष्ट चरित्रले अधिक आलोचित बनेका भनाईमा आंशिक सत्यता स्विकार्नै पर्दछ। सरकारी स्कूलका शिक्षकहरु प्रतिको आलोचनामा दलगत राजनीति मूल मुद्धा बनाईएको तथ्य जगजाहेर छ । राजनीतिक पार्टीहरुले शिक्षकहरुलाई अधिकतम उपयोग गरेका कारणले पनि शिक्षकहरु प्रतिको धारणा नकारात्मक बनेको हुन सक्छ । आफ्ना छोराछोरी नीजि स्कूलमा पढाउने अनि आफु भने सरकारी स्कूल नै रोज्ने भन्दै सरकारी शिक्षकहरुमा गम्भिर आरोप लाग्दै आएको छ।

५. चालिसको दशकमा अंग्रेजी भाषा प्रतिको आकर्षणले आम अभिभावक र

....बाँकी पृष्ठ ३ मा

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | एम्बुलेन्स १०२ |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : बौद्धिक कार्यका माध्यमबाट प्रतिष्ठामा वृद्धि होला । |
| वृष | : आयस्रोत र पदप्रतिष्ठामा वृद्धि हुने समय योग छ । |
| मिथुन | : सामाजिक क्रियाकलापका काममा अलमलिने समय छ । |
| कर्कट | : कलात्मक पेशाका काममा मन जाने समय छ । |
| सिंह | : आर्थिक गतिविधिलाई व्यवस्थापन गर्दा राम्रो रहन्छ । |
| कन्या | : बजेटलाई सन्तुलनमा राख्दा राम्रो रहने समय छ । |
| तुला | : विशेष आय–आम्दानी बढ्ने समय योग देखिन्छ । |
| वृश्चिक | : आफन्तबाट भनेजस्तो सहयोग प्राप्त हुने समय छ । |
| धनु | : दोहोरो लाभ प्राप्त हुने समय योग देखिन्छ । |
| मकर | : स्वास्थ्य स्थिति कमजोर रहेन समय योग देखिन्छ । |
| कुम्भ | : आय–आम्दानीमा वृद्धि हुने समय योग छ । |
| मीन | : चुनौती र संघर्षपूर्ण समय योग रहेको छ । |

## सुनकोसी-मरिण डाइभर्सन

# सुरुङ छिचोल्न ११० मिटर बाँकी

काठमाडौं: राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको सुनकोसी मरिण डाइभर्सन परियोजनाको सुरुङ निर्माण अन्तिम चरणमा पुगेको छ । आयोजनाको सुरुङ खन्ने काम अब एक सय १० मिटर मात्रै बाँकी रहेको छ ।

तराई-मधेसका विभिन्न जिल्लामा १२ महिना नै सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ सुरु गरिएको आयोजना निर्माणमा उल्लेख्य सफलता हासिल भएको छ । कुनै भौगोलिक जटिलता उत्पन्न नभएका खण्डमा यही वैशाख २६ गते विशेष समारोहको आयोजना गरी सुरुङ ब्रेक थ्रु गर्ने अन्तिम तयारी गरिएको आयोजनाले जनाएको छ ।

सुनकोसी मरिण डाइभर्सन आयोजनाका प्रमुख मित्र बरालका अनुसार कूल १३ दशमलब तीन सय किलोमिटर लामो सुरुङमध्ये हालसम्म १३ दशमलब एक सय ९० किलोमिटर सुरुङ निर्माण सम्पन्न भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले वैशाख २६ गते सुरुङको ब्रेक थ्रु गर्नेछन् । त्यसका लागि तयारी भइरहेको छ । 'प्रधानमन्त्रीको समय मिलाइसकिएको छ र अन्य आवश्यक तयारी पनि भइरहेको छ', आयोजना प्रमुख बरालले भने । सुरुङ निर्माणका क्रममा सामान्य भौगोलिक जटिलता उत्पन्न भए पनि त्यसलाई समाधान गरेर अगाडि बढिएको जानकारी दिँदै आयोजना प्रमुख बरालले भने, 'ग्राउटिङलगायतका विधि प्रयोग गरेर समस्याको समाधान गरिएको छ, सुरुङ निर्माण निरन्तररुपमा अगाडि बढिरहेको छ ।'

सुरुङ निर्माणमा अटोमेटिक टनेल बोरिङ मेसिन (टीबीएम) प्रयोग गरिएको छ । भेरी बबई डाइभर्सन आयोजनापछि सुनकोसी मरिणमा पनि टीबीएम मेसिन प्रयोग गरिएको हो । उपकरणको प्रयोग गरी सुरुङ निर्माण गर्दा त्यसले सकारात्मक प्रभाव पारेको छ । अन्य आयोजनाको पनि त्यस्तै उपकरणको प्रयोग गर्न सकारात्मक वातावरण बनेको बताइएको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आयोजना प्रमुखलगायतका अधिकारीलाई आयोजना स्थल नछाड्न, स्थानीयस्तरमा नै समस्या समाधान गर्न तथा आयोजनाको काममा कुनै पनि गत्यावरोध आउन नदिन नियमित निर्देशन दिएका छन् । सुरुङ निर्माणसँगै बाँध निर्माणको कामलाई समेत गति दिइएको छ ।

निर्माण व्यवसायी परिचालनमा विशेष ध्यान दिन तथा आवश्यक सहजीकरण गरी हरेक १५ दिनमा जलस्रोत तथा सिँचाइ विभाग र हरेक एक महिनामा आयोजनाको समग्र प्रगति विवरण प्रस्तुत गर्न मन्त्रालयले यसअघि नै निर्देशन दिएको थियो । प्रधानमन्त्री दाहालले नियमितरुपमा आयोजनाका सन्दर्भमा चासो राख्दै आएकाले पनि काम गर्न सहज भएको आयोजनाले जनाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेको 'एक्सन रुम'बाट आयोजनाको नियमित अनुगमन भइराखेको छ ।

आयोजना प्रमुख बरालका अनुसार २०७९ साल असोज २८ गतेदेखि निर्माण सुरु गरिएको सो आयोजनामा कूल १३ दशमलब तीन किलोमिटर लामो सुरुङ निर्माण हुनेछ । नेपालका विद्युत् तथा अन्य सिँचाइका आयोजनामा सुरुङ निर्माण भए पनि सो आयोजनामा टनेल बोरिङ मेसिन (टीबीएम) प्रयोग गरेर खनिएको भने दोस्रो पटक हो ।

यसअघि भेरी-बबई डाइभर्सन आयोजनामा पनि टीबीएमको प्रयोग गरिएको थियो । पहाडी भूभाग बढी भएको नेपालमा सुरुङ खन्न अब टीबीएम प्रभावकारी उपकरणका रुपमा स्थापित भएको छ । सुनकोसी नदीको पानी मरिण खोलामा झारेर विद्युत् उत्पादन गर्ने र तराईका एक लाख २२ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ सुरु गरिएको सो आयोजनाको सुरुङ निर्माणमा अपेक्षितभन्दा बढी प्रगति भए पनि अन्य काममा भने सोहीअनुसार भएको छैन ।

बाँध तथा विद्युत् गृह निर्माणमा संलग्न निर्माण व्यवसायीले तोकिएअनुसार काम गर्न सकेका छैनन् । निर्माण व्यवसायीले काम गरिरहेको भए पनि बाँध निर्माणमा अपेक्षित प्रगति भएको छैन । विद्युत् गृह र प्रसारण लाइन निर्माणका लागि आवश्यक तयारी भइरहेको छ । प्रसारण लाइनका लागि वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न भइसकेको छ ।

सुनकोसी मरिण डाइभर्सन आयोजनाबाट हाल सञ्चालनमा रहेको बीपी राजमार्गको केही भाग प्रभावित हुनेछ । हाल सञ्चालनमा रहेको राजमार्गलाई नौ सय मिटर डाइभर्सन गर्नुपर्ने हुन्छ । बाँध तथा विद्युत् गृह निर्माणका लागि भारतीय कम्पनी पटेल इन्जिनियरिङ र नेपाली कम्पनी रमण कन्स्ट्रक्सनको संयुक्त उपक्रमले ठेक्का पाएको छ ।

आगामी बर्खाअघिसम्म बाँध निर्माणलाई एउटा स्तरमा पुऱ्याउने लक्ष्य राखिएको छ । वैशाखपछि नदीमा जलसतह बढ्ने भएकाले काम गर्न समस्या हुनेछ । यस्तै विद्युत् गृह निर्माण हुने स्थानमा मुआब्जा वितरण सम्पन्न भइसकेको छ ।

सो आयोजनाबाट तराई-मधेसका कूल एक लाख २२ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ । राष्ट्रिय गौरवका आयोजना भएकाले स्रोतको कुनै अभाव नहुने प्रधानमन्त्री र ऊर्जामन्त्रीको प्रतिबद्धता भएकाले आफूहरुलाई काम गर्न सहज भएको आयोजना प्रमुख बरालको टिप्पणी छ ।

यसअघि सुरुङ निर्माणमा भौगर्भिकरुपमा रहेको जटिलताका कारण पटकपटक समस्या देखिएको थियो । सुनकोसी गाउँपालिका-७, कानढुङ्गीस्थित सिन्धुली र रामेछापको सिमाना भएर बग्ने सुनकोसी नदीलाई मरिण खोलामा पथान्तरण गरिनेछ । सुनकोसीको करिब ६७ क्युसेक पानीलाई सुरुङमार्फत् सिन्धुलीको कमलामाई नगरपालिका-२, कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ । त्यसपछि बागमती सिँचाइ आयोजनाको पूर्वाधार प्रयोग गरेर धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको करिब एक लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ गर्ने लक्ष्य राखिएको छ । त्यस्तै सो आयोजनाबाट ३१ मेगावाट बिजुली उत्पादन हुनेछ ।

आयोजनाको सुरुङ निर्माण चिनियाँ कम्पनी चाइना ओभरसिज इन्जिनियरिङले गरिरहेको छ । बाँध र विद्युत् गृह निर्माणमा केही ढिलाइ भए पनि तोकिएको समयभित्रै पूरा गर्ने निर्माण व्यवसायीको भनाइ छ । विसं २०८४ को असोजमा सो आयोजना पूर्णरुपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

भेरी बबई डाइभर्सन आयोजनामा सुरुङ निर्माण सम्पन्न भएको लामो समय भए पनि बाँध र विद्युत् गृह निर्माणले गति नलिँदा देखिएको व्यवधान सुनकोसी मरिणमा आउन नदिन सरकार उत्तिकै चनाखो देखिएको छ ।

सो आयोजना सम्पन्न भएपछि अन्न भण्डारका रुपमा रहेको मध्य तराईका पाँच जिल्लामा वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध हुनेछ । त्यसले खाद्य उपज उत्पादनमा गुणात्मक परिवर्तन आउनेछ । सो आयोजनामा प्रयोग भएको टीबीएम उपकरण प्रयोग गरी फुर्कोट-फूलबारी सुरुङ निर्माण गर्ने प्रारम्भिक तयारी गरिएको छ । टीबीएमलाई केही परिवर्तन गरी सडक पूर्वाधारमा प्रयोग हुने सुरुङ निर्माण गर्न सकिने बताइन्छ । *(स्रोत: रासस)*

# प्राङ्गारिक मल बनाउने तालिम सुरु

समाज संवाददाता

हेटौंडा: हेटौंडा-६, रक्षादेवी टोल विकास संस्थामा प्राङ्गारिक मल बनाउने तालिम सुरु भएको छ । हेटौंडा उपमहानगरपालिकाको सहयोगमा तालिम सुरु गरिएको हो ।

प्रस्तावित नमुना टोल रक्षादेवी टोल विकास संस्थाका ८७ घरधुरी सदस्यहरुलाई तालिम दिन सुरु गरिएको छ । शनिबार हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले तालिमको उद्घाटन गर्नुभएको हो ।

हेटौंडा उपमहानगरपालिकाभित्र रहेका ३६५ टोल विकास संस्थाहरुमध्ये रक्षादेवीलाई नमुना टोल विकास संस्था बनाउने तयारी भइरहेको छ । नमुना टोलको रुपमा रुपान्तरण गर्न वातावरण, सामाजिक, आर्थिक क्षेत्रमा विभिन्न कार्यक्रम तथा योजना सञ्चालन भइरहेको हो ।

तालिम उद्घाटन कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष शम्भु रिमालले सहभागीहरुलाई स्वागत गर्नुभएको थियो । टोल विकास संस्थाका सल्लाहकार श्यामप्रसाद श्रेष्ठले नमुना टोल कार्यक्रमको औचित्य र आवश्यकताबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा हेटौंडा-६ का वडा अध्यक्ष बिष्णु दाहाल, नवजीवनज्योति क्लबका अध्यक्ष राजकुमार बाँस्तोला, रानी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष बिष्णु न्यौपाने, समाजसेवी तथा सामाजिक अभियन्ता ध्रुब भुजेललगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । नवजीवनज्याति क्लबका अध्यक्ष बाँस्तोलाको सभाध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन रक्षादेवी टोल विकास संस्थाका सचिव राजकुमार फुयाँलले गर्नुभएको थियो ।

# गुल्मी र अर्घाखाँचीमा भीषण आगलागी

गुल्मी: गुल्मी र अर्घाखाँचीमा शनिबार भीषण आगलागी भएको छ । सामुदायिक वनमा लागेको आगो बस्तीमा फैलिँदा ठूलो क्षति भएको हो ।

गुल्मीको इस्मा गाउँपालिका-२ मा आगलागी हुँदा ३८ घरगोठ जलेका छन् । स्थानीय सामुदायिक वनमा लागेको आगो बस्तीमा पनि फैलिँदा १३ घर र २५ गोठ जलेको वडाध्यक्ष लोकनाथ आर्चायले बताए । घरगोठ जल्दा ४० भन्दा बढी भैंसी तथा बाख्रा पनि जलेका छन् ।

अहिले आगलागी भएका अधिकांश ठाउँमा प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्मासहितको टोली पुगेको छ । आगलागीबाट क्षति भएका घरपरिवारलाई गाउँकै सुरक्षित स्थानमा राखिएको सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले बताए ।

इस्मा गाउँपालिकाबाहेक अन्यत्र पनि आगलागी भएको छ । आगलागीबाट जिल्लाका विभिन्न स्थानमा भएको क्षति संकलन भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले जानकारी दिए ।

आगलागीबाट इस्मा गाउँपालिका-१, उजुङका १९ वर्षीय हिमाल राना र मुसिकोट नगरपालिका-७ का २१ वर्षीय प्रेम राना घाइते भएका छन् । घाइते भएका इस्माका राना ट्याक्टर चालक हुन् भने मुसिकोटका राना एक्साभेटर चालक हुन् । उनीहरुलाई उपचारका लागि गुल्मी अस्पतालबाट पाल्पाको लुम्बिनी मेडिकल कलेज प्रभास पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक (डीएसपी) शंकर पोखरेलले बताए ।

आगलागी भएका ठाउँमा आगो निभाउन सुरक्षाकर्मी, स्थानीयबासी र वन कार्यालयका कर्मचारी खटिएका छन् । एकपटक निभाइसकेको ठाउँमा पनि पुनः आगलागी हुने गरेको प्रहरीले जनाएको छ ।

यस्तै, अर्घाखाँची जिल्लाको भूमिकास्थान नगरपालिका वडा नं ३ र ४ धारापानीमा भीषण आगलागी भएको छ । आगो अहिले पनि नियन्त्रण बाहिर रहेको जनाइएको छ । वनमा लागेको आगो हावाहुरीका कारण दिउँसो १ बजेतिर बस्तीमा सल्किएको थियो ।

भूमिकास्थान नगरपालिका धारापानीको रातामाटा, जाबुनडाँडा, बाजाखर्कलगायतका गाउँमा भएको भीषण आगलागीबाट झण्डै २० घरगोठ जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका सूचना अधिकारी दीपेन्द्र रावलले बताए ।

भीषण आगोले गाउँ नै सखाप भएको बाजाखर्कका स्थानीय हरिप्रसाद भुसालले बताए । प्रहरी, दमकल, स्थानीयले आगो निभाउने प्रयास गरिरहे पनि नियन्त्रण बाहिर रहेको प्रहरी निरीक्षक रावलको भनाइ छ । जिल्ला प्रहरी कार्यालयबाट गएको टोली र स्थानीयको टोलीले नियन्त्रणको प्रयास गरिरहेको छ ।

मानवीय क्षति नभए पनि पशुचौपाया मरेको, घरगोठ जलेको स्थानीय टेकराज भुसालले बताए । क्षतिको यकिन विवरण आउन नसकेको प्रहरीको भनाइ छ । पाणिनी गाउँपालिका-३, खुलैलेमा तीन घरगोठ जलेर नष्ट भएका छन् ।

*(स्रोत: अनलाइनखबर)*


## मकवानपुर बहुमुखी क्याम्पस

मकवानपुर

## सामग्री खरिद सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

*दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१।०१।०९ गते*

यस क्याम्पस र शिक्षा बिकाश निर्देशनालय, बागमति प्रदेश, हेटौडा समेतको सहयोगमा चालु आ.व. २०८०।०८१ मा निम्न अनुसारको ICT Lab सामग्री खरिद कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त आपूर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिल**:

१. यो सूचना समृद्ध समाज राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ (पन्ध्र)औं दिनसम्म कार्यालय समय बेलुका ५:०० बजे भित्र राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हेटौडामा रहेको यस क्याम्पसको चल्ति खाता नं. १३००००१३३००१ मा जम्मा गरेको रु १०००।- को बैंक भौचर संलग्न गरी यस क्याम्पसको स्टोर शाखाबाट दरभाउपत्र फारम खरीद गर्न सकिने छ । सिलवन्दी दरभाउपत्र फारमको साथमा आयकर दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र र आ.व.२०७९।०८० सम्मको करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी पेश गर्नु पर्नेछ । सिलवन्दी दरभाउपत्र साथ पेश गरिने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनुपर्नेछ ।

२. खरिद भएका दरभाउपत्रहरु १६ (सोह्र)औं दिनको ठिक १२:०० बजे भित्र यस क्याम्पसको नाममा सम्बोधन गरी सिलबन्दी दरभाउपत्रदाताले फर्मको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना नम्बर अनुसार कामको विवरण उल्लेख गरी खाममा शिलबन्दी गरी लाहाछाप लगाई यस क्याम्पसमा दर्ता गराउन सकिनेछ ।

३. सिलबन्दी दरभाउपत्र साथ जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हेटौडामा रहेको यस क्याम्पसको चल्ति खाता नं. १३००००१३३००१ मा जम्मा गरेको बैंक भौचर वा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिन मान्य अवधी रहने गरी नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको विडबण्ड (बैंक ग्यारेन्टी) संलग्न राख्नु पर्नेछ ।

४. दरभाउपत्रमा आइटमवाइज दररेट अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखीएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा स्पष्टसँग दस्तखत भएको हुनु पर्नेछ ।

५. दरभाउपत्रमा उल्लेखित सबै आइटमहरुको मू.अ.कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ ।

६. म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे यस क्याम्पसको भवन निर्माण तथा खरिद समितिका प्रतिनिधिहरु र आपूर्तिकर्ता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस क्याम्पसमा खोलिने छ । आपूर्तिकर्ता वा प्रतिनिधि उपस्थित नभए पनि उक्त कार्य गर्न बाधा पर्ने छैन ।

७. सिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगतै भोली पल्ट क्याम्पस खुलेको दिन उक्त कार्यहरु क्रमश गरिने छ ।

८. म्याद नाघी आएको वा रित नपुगी आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

१०. सिलवन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भए बमोजिमका सबै शर्तहरु पुरा हुनु पर्नेछ ।

११. आपूर्तिकर्ता र क्याम्पसबिच कुनै विवाद भएमा क्याम्पसको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

१२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस क्याम्पसमा सुरक्षित रहने छ ।

१३. सिलवन्दी दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्न परेमा यस क्याम्पसको स्टोर शाखामा सम्पर्क गर्न सकिने छ ।

**सिलबन्दी दरभाउपत्रको विवरण**

| सि.नं | ठेक्का नम्बर | कार्य विवरण | जमानत | फारम शूल्क (पछि फिर्ता नहुने) |
|---|---|---|---|---|
| १ | २/२०८०/०८१ | Purchase Of ICT Lab Item | २७,५००/- | १,०००/- |


## पहिले विद्यार्थीले...

विद्यार्थी समेतलाई प्रभावित बनाएकै हो । तत्कालिन समयमा अंग्रेजी भाषा पढाउने भनेर दार्जिलिङ्ग, सिक्किम, भुटान लगायतका स्थानबाट आएका शिक्षकहरु नीजि स्कूलका आकर्षणका केन्द्र बनेका थिए । अंग्रेजी भाषा दुनियाँभर बोलिने अनि विज्ञान प्रविधि लगायत मेडिकल साईन्सका अधिकांश किताबहरु अंग्रेजी भाषामा भएकाले र बैदेशिक रोजगारमा जाँदा समेत अंग्रेजी जान्दा सहज हुने बिश्वास गरियो । यहि पृष्ठभूमीमा नीजि शिक्षालयहरुको उर्वरता मौलाएको देखिन्छ । बिस्तारै, महँगा स्कूलमा छोराछोरी पढाउँदा समाजमा ईज्जत, मर्यादा र प्रतिष्ठा बढने बिश्वासले जरा गाडेको पाईन्छ । अहिले सरकारी स्कूलमा अंग्रेजी माध्यम नगर्ने हो भने करिब असी प्रतिशत सरकारी स्कूलहरु बन्द हुनेछन् भन्दा अत्युक्ति नहोला । त्यस्तै, पूर्व प्राथमिक तहमा प्ले ग्रुप, मन्टेश्वरी, नर्सरी, एल केजी, यु केजी जस्ता कक्षाहरु सरकारी स्कूलमा विद्यार्थीको संख्याकै लागि शुरु गरिएका छन् । यस्ता विद्यार्थीका अभिभावककहरुबाट निश्चित शुल्क लिएर नीजि श्रोतका शिक्षक कर्मचारी नियुक्त नगर्ने हो भने पनि सरकारी स्कूलहरु रित्तिने कुरामा शंका छैन ।

६. विद्यार्थी खोज्न शिक्षकहरु घर दैलोमा छन् । विद्यार्थीका लागि आकर्षणका कुराहरु लिएर निशुल्कका नारा, किताब फ्रि, स्टेशनरी फ्रि, ड्रेस फ्रि, खाजा ब्यवस्था, बस सुबिधा, अत्याधुनिक ल्याव, कम्प्युटर, ल्यापटप ब्यवस्था, खेलकुद प्राथमिकता, अतिरिक्त क्रियाकलाप दिनै पिच्छे, घरमा बसेर मोबाईलबाट आफ्ना बाबुनानीहरुको सबै गतिविधि हेर्न सकिने, यस्ता अनेकौं प्याकेजका साथ ब्यानर सहित गाडीमा विद्यार्थी भर्नाका झाँकीहरु प्रत्येक घरघर पुगेर विद्यार्थी माग्दै अनुनय विनय गरिरहेका दृष्य हामी सबैले हेरीरहेका छौं । अर्कोतर्फ, भर्ना हुन आएका विद्यार्थी सबै भर्ना गर्न नसक्ने सरकारी स्कूलहरु हामीले भुल्नु हुँदैन । उदाहरणका लागि- रुपन्देहीका कालिका मानव ज्ञान मावि बुटवल, शान्ती नमुना मावि तिलोत्तमा, कान्ती मावि बुटवल, नविन औद्योगिक मावि देवीनगर, त्यस्तै काठमाडौंका ज्ञानोदय मावि बाफल, विश्व निकेतन मावि त्रिपुरेश्वर, धनुषाको जनता मोडेल मावि बेलापट्टी, संकट मोचन मावि शान्तीनगर, पर्साको त्रिजुद्ध मावि बिर्ता, मोरङ्गको सुकुना मावि सुन्दरहरैचा, चितवनको पद्योदय मावि भरतपुर, नारायणी नमुना मावि भरतपुर, कपिलवस्तुको नेपाल आदर्श मावि शिवपुर, मकवानपुरका आधुनिक राष्ट्रिय मावि हेटौंडा, भुटन देवी मावि हेटौंडा, सिद्धार्थ मावि हेटौंडा जस्ता स्कूलहरुमा भर्नाहुन चाहने मध्ये एक तिहाई पनि भर्ना गर्न नसकेर प्रवेश परीक्षा लिई छनौट गर्नु पर्ने अवस्था छ । यी शिक्षालयहरु विद्यार्थी खोज्न स्कूल कम्पाउड बाहिर निस्कनु पर्दैन ।

७. अन्तमा, उल्लेखित अवस्थाहरुको गहिराई भेटेर सुक्ष्म विश्लेषण गर्न जरुरी छ । एकातर्फ जति जना शिक्षक त्यति जना विद्यार्थी अनि अर्को तर्फ भर्ना हुन आएका विद्यार्थी प्रवेश नपाएर रुन्चे अनुहार बनाउँदैं फर्किएका अवस्थाको मुल जरोमा पुग्नै पर्दछ । हामी वर्तमानको शिक्षा ब्यवस्थामा आमूल परिवर्तनका कुरा गरेर थाक्दैंनौ तर समस्याका पहिचान, निदान र उपचारका सबालमा पर्याप्त गम्भिर नबनेकै कारणले हाल विद्यार्थी भर्नामा महँगा विज्ञापन सहित ठूलै तामझाम गर्दा पनि अपेक्षित उपलब्धि भै रहेको छैन् । समस्या देखाउने मात्र हैन यदि जिम्मेवार अंगले समाधानको प्रतिवद्धता जनाउने हो भने हामी उपाय सहित प्रस्तुत हुनेछौं ।

*हेटौंडा-६, चौघडा*

# सूचनाको हकका लागि राष्ट्रिय महासंघ मकवानपुर पुनर्गठन

समाज संवाददाता

हेटौंडाः सूचनाको हकका लागि राष्ट्रिय महासंघले शनिबार मकवानपुरमा सूचनाको हकसम्बधी ऐन र सोको कार्यान्वयनले सुशासनमा पार्ने सकारात्मक प्रभावबारे अभिमुखीकरण आयोजना गरेको छ। सूचना माग गर्ने अभियानलाई नागरिकस्तरसम्म पु¥याउनका लागि सघाउ पु¥याउने उद्देश्यले अभिमुखीकरण गरिएको हो।

सूचनाको हकका लागि राष्ट्रिय महासंघ बागमती प्रदेश संयोजक तथा केन्द्रीय सदस्य गुलाबकुमार चौधरीले सूचनाको हकका लागि राष्ट्रिय महासंघ मकवानपुर जिल्ला कार्य समितिका सदस्यहरुलाई अभिमुखीकरण प्रदान गर्नुभयो। अभिमुखीकरणसँगै महासंघको १५ सदस्यीय मकवानपुर जिल्ला कार्यसमिति पुनर्गठन गरिएको छ।

गौरव श्रीवास्तवको अध्यक्षतामा पुनर्गठिन महासंघ मकवानपुरमा उपाध्यक्ष रोशन बल, सचिव नरबहादुर स्याङ्तान, कोषाध्यक्ष पार्वती सुवेदी रहेका छन्। यस्तै, सदस्यहरुमा समिता सुनार रसाइली, देवकुमार बल, विशाल लामा, दिपेशकुमार श्रीवास्तव, दिपेश सिंह, प्रमेश हुमागाई, श्रीराम दहाल, माधव माझी, निशा कर्ण चौधरी, सूर्यबहादुर गोले रहेका छन्।

अभिमुखीकरण र पुनर्गठनसँगै राष्ट्रिय महासंघ आम नागरिकको सूचनाको हकका लागि वकालत गरिरहेको एउटा स्वतन्त्र नागरिक समाज सम्बद्ध संस्था भएको भन्दै राष्ट्रिय सूचना आयोगलगायतका निकायहरुले सूचनाको हकको प्रभावकारी कार्यान्वयन, प्रचलन भएको नभएकोबारे अनुगमनका लागि विद्यमान प्रावधानमा जिल्ला तहमा सूचनाको हकका लागि राष्ट्रिय महासंघको अनिवार्य प्रतिनिधित्व हुने गरी प्रावधान राख्न जिल्ला कार्यसमितिले सम्बन्धित स्थानीय सरकारहरुसमक्ष माग गरेको छ।

महासंघ जिल्ला कार्यसमिति मकवानपुरले प्रेस विज्ञप्ति जारी गर्दै सूचना माग गर्ने र दिने प्रकृयालाई सहज, छिटो र छरितो बनाउन माग गरेको छ। सूचना मागकर्ताले यथाशिघ्र सूचना प्राप्त गर्न र समयसापेक्ष प्रविधिको प्रयोगमार्फत् सूचना छिटो उपलब्ध गराउनका लागि छिटो छरितो र प्रभावकारी प्रणालीको विकास गरी व्यवहारिक प्रयोगमा ल्याउन सम्पूर्ण सार्वजनिक निकायसँग माग गरेको छ।

महासंघ जिल्ला कार्य समितिका अध्यक्ष गौरव श्रीवास्तव र सचिव नर बहादुर स्याङ्तानद्वारा जारी गरिएको विज्ञप्तिमार्फत् सूचनाको हकसम्बधी ऐन २०६४ को दफा ५ अनुसार सार्वजनिक निकायले सूचना अद्यावधिक प्रकाशन गर्नुपर्ने र दफा ६ ले सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने व्यवस्था हुँदा पनि अधिकांश सार्वजनिक निकायहरुले ऐन नियमावलीले तोकेबमोजिम विवरणहरु प्रकाशन नगरेको र अनुगमन गर्नुपर्ने निकायले सो कार्यमा तिब्रता दिनुपर्ने मागसहित ध्यानकर्षण गराइएको छ।

प्रेस विज्ञप्तिमा आम नागरिकले आफ्नो र सार्वजनिक हितको सूचना माग्न पाउने र सार्वजनिक कामकाजको विषयमा थाहा पाउने अधिकार नेपालको सविधानं २०७२ को धारा २७ र सूचना हकसम्बन्धी ऐन २०६४ र सोही अनुसार बनेको सूचनाको हकसम्बधी नियमावली २०६५ ले सुनिश्चित गरेको उल्लेख छ। नागरिकको मौलिक हक अधिकारलाई सुनिश्चित गर्नुपर्न र लोकतन्त्रमा सुशासन कायम गरी राज्यका संयन्त्रहरुले सार्वजनिक निकायहरुले गर्ने कामकाज, सेवा-सुविधा आदिको बारेमा सरल र पारदर्शीरुपमा आम नागरिकहरुको घरदैलोसम्म पुगेर सुसूचित गर्नुपर्न स्वतस्फुर्त रुपमा सेवासुविधा पुर्याउनका साथै सो बारे स्पष्ट सूचना उपलब्ध गराउनुपर्ने मान्यता रहेको जनाइएको छ।

## बकैया खोलामा डुबेर बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकास्थित बकैया खोलामा डुबेर एक बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा बकैया-६, टिकुले बस्ने चौरे स्याङ्तानका छोरा ६ वर्षीय छोरा सन्दीप स्याङ्तान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

शनिबार दिउँसो साढे २ बजेको समयमा स्याङ्तान बकैया खोलामा पौडी खेल्ने क्रममा डुबी घाइते भएका थिए। घाइते स्याङ्तानलाई उपचारका लागि सामुदायिक प्रसुतिगृह अस्पताल निजगढ, बारामा लगिएको थियो।

उपचारको क्रममा स्याङ्तानको ३ बजेर १५ मिनेटको समयमा मृत्यु भएको हो। स्याङ्तानको शव सामुदायिक प्रसुति गृह अस्पताल निजगढ बारामा नै रहेको प्रहरीले जानकारी दिएको छ।

## कालिम्पोङबाट दौडेर हेटौंडा आइपुगे तामाङ र शर्मा



समाज संवाददाता

हेटौंडाः छिमेकी मुलुल भारतको साविक दार्जिलिङ र अहिलेको कालिम्पोङ जिल्लाबाट दुई जना युवाहरु दौडेर शनिबार हेटौंडा आइपुगेका छन्। करिब ६ सय किलोमिटर दुरी दौडेर पार गर्दै भारतको जल्डकाका २७ वर्षीय नरदेन तामाङ र २३ वर्षीय अनुक शर्मा हेटौंडा आइपुगेका हुन्।

जल्डका रनर क्लब सदस्यहरु तामाङ र शर्माले भारतको प्रसिद्ध तीर्थस्थल केदारनाथसम्म दौडेर यात्रा गर्ने लक्ष्यसहित दौड सुरु गरेका हुन्। उनीहरुले गत अप्रिल ८ तारिखदेखि दौड सुरु गरेर १ हजार ८ सय किलोमिटर दुरी पूरा गर्ने भएका हुन्। उनीहरु शनिबार सिन्धुलीको झनझनेबाट हेटौंडासम्म आइपुगेका हुन्। दुबै जना दैनिक औसत ६० किलोमिटर दौडिरहेका छन्।

शनिबार हेटौंडामा पत्रकारहरुसँग कुराकानी गर्नुहुँदै तामाङ र शर्माले आफूहरुले नेपालमा भाषासँगै अन्य सबैजसो पक्ष मिल्ने भएकाले नेपालहुँदै दौडिन सुरु गरेको बताएका छन्। तामाङले भन्नुभयो- ‘अहिले हामीलाई यात्राको क्रममा कुनै असहज भएको छैन। भाषा पनि मिल्ने अनि बाटोमा सबै जनाको माया पाइरहेका छौँ। अहिले घरदेखि टाढा भएको फिल भएको छैन। आफ्नै घरमै छु जस्तो लागिरहेको छ।’

दुबैजना ४० दिनभित्र केदारनाथ पुग्ने लक्ष्यका साथ दौडिरहेका छन्। आइतबार दौडेर चितवन पुग्ने तामाङले जानकारी दिनुभयो। जल्डका रनर क्लबका सदस्य गोपाल गुरुङले स्वास्थ्यका लागि दौडिनुपर्ने बताउनुभयो। अहिले नेपाल र भारतमा धेरैजसो युवाहरुमा व्यायाम नभएका कारण अस्वस्थ रहेकाले दौडेर स्वस्थ हुनुपर्ने उहाँले बताउनुभयो। दौडेर यात्रा गरिरहेका तामाङ र शर्माको संरक्षकको रुपमा क्लबका सदस्यहरु गुरुङ, लोकेश तामाङ, असिन भुलेज र सुजन राई पनि हेटौंडा आइपुगेका छन्।

## विद्यालयस्तरीय एकल गायन प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा एकल गायन प्रतियोगिता हुने भएको छ। आँचल साहित्य कला पुञ्ज मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा वृहत् साहित्यक सांस्कृतिक कार्यक्रमअन्तर्गत् आउँदो शनिबार विद्यालयस्तरीय एकल गायन प्रतियोगिता हुने भएको हो।

प्रतियोगिता हेटौंडा-४ स्थित हेटौंडा पार्टी प्यालेसमा हुनेछ। गायन प्रतियोगितामा कक्षा १ देखि १२ कक्षासम्मका विद्यार्थीहरुले सहभागिता जनाउन पाउनेछन्। प्रतियागितामा सहभागी भएका प्रतियोगीहरुले सन्देशमूलक गीत गाउनुपर्नेछ।

प्रतियोगितामा सहभागी हुनका लागि प्रतियोगीहरुले बिहीबारसम्म आफ्नो नाम दर्ता गराइसक्नुपर्ने जनाइएको छ। प्रतियोगितामा एउटा विद्यालयबाट २ जना विद्यार्थीहरुले सहभागिता जनाउन पाउनेछन्। प्रतियोगितामा गायन सँगसँगै स्रष्टा सम्मान, बहस र रचना वाचन कार्यक्रम पनि हुने जनाइएको छ। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरुले क्रमशः ८ हजार रुपैयाँ, ६ हजार रुपैयाँ, ४ हजार रुपैयाँ र २ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## ३७ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः हाम्रो गोर्खा बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा भएको रक्तदान कार्यक्रममा ३७ जनाले रक्तदान गरेका छन्। शनिबार बिहान हेटौंडा-१० स्थित बुद्धचोकमा सहकारी संस्थाको १५ औं स्थापना दिवसको अवसरमा भएको रक्तदान कार्यक्रममा ३३ जना पुरुष र ४ जना महिलाले रक्तदान गरेका हुन्।

रक्तदान कार्यक्रम रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ। रक्तदान कार्यक्रममा संस्थाका अध्यक्ष चक्रधर बिडारीको उपस्थिति रहेको थियो। यसअघि शुक्रबार हेटौंडा-४, पारिजातपथस्थित सिटिजन बैंकको १७ औं वार्षिक उत्सवको अवसरमा रक्तदान कार्यक्रम भएको थियो। बैशाख १८ गते एसियन पेन्ट्सको आयोजनामा रक्तदान कार्यक्रम हुनेछ।

## जनज्योति माविको विद्यालय व्यवस्थापन समिति चयन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१३, मयूरधापस्थित जनज्योति माविको विद्यालय व्यवस्थापन समितिमा नयाँ सदस्यहरु चयन भएका छन्। शनिबार सम्पन्न २५ औं अभिभावक भेलाबाट चार जना व्यवस्थापन समितिको सदस्य सर्वसम्मतरुपमा चयन भएको हुन्।

अभिभावक भेलाबाट चयन भएका सदस्यहरुमा निवर्तमान विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र ढुङ्गाना, केदार थिङ, सोवी लामा र सञ्चमाया घलान रहेका छन्। बाँकी दुई जना सदस्य आइतबार वडाका जनप्रतिनिधि, प्रधानाध्यापक र चयन भएका समितिका सदस्यहरुको उपस्थितिमा बैठक बसेर मनोनित गरिनेछ। उक्त समितिले व्यवस्थापन समितिको अध्यक्ष चयन गर्नेछ।

नयाँ कार्यसमितिको कार्यकाल ३ वर्षको हुनेछ। व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र ढुङ्गानाको सभाध्यक्ष तथा हेटौंडा-१४ का वडाध्यक्ष दीपक खड्काको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो।

भेलामा विद्यालयका प्रधानाध्यापक भोगेन्द्र लुईंटेलले विद्यालयको शैक्षिक तथा प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो भने लेखापाल सनिज वाईबाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। प्रस्तुत भएका प्रतिवेदनहरु भेलाबाट पारित भएको छ।

कक्षा १२ सम्म अध्ययन अध्यापन हुने विद्यालयमा ६ सय १२ जना विद्यार्थीहरु अध्ययनरत छन्। यस वर्षको शैक्षिक सत्रमा एक सय जना नयाँ विद्यार्थी थप गर्ने गरी विद्यालयले भर्ना अभियान चलाइरहेको विद्यालयका प्रधानाध्यापक लुईंटेलले जानकारी दिनुभयो। विद्यालयले बैशाख १० गतेसम्म विद्यार्थी भर्ना कार्यक्रम राखेको र बैशाख ११ गतेदेखि पठनपाठन सुरु गर्ने उहाँले बताउनुभयो।

## बकैयाको रङ्गशाला निर्माणका लागि डेढ करोड संकलन

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैयामा रङ्गशाला निर्माणका लागि नगद र जिन्सीसहित डेढ करोड रुपैयाँभन्दा बढी संकलन भएको छ। जुरेली रङ्गशाला निर्माण लागि बकैया-४ मा लगाइएको श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञमा सहयोगी दाता र भक्तजनबाट एक करोड ६७ लाख ३९ हजार ३३० रुपियाँ संकलन भएको हो।

सप्ताह समापन समारोहलाई सम्बोधन गर्दै बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी छिन्तुले सामाजिक कार्यका लागि महायज्ञ लगाइएकोमा प्रशंसा व्यक्त गर्दै समाजमा विकास र रुपान्तरणका लागि सबै एकजुट हुन आवश्यक रहेको बताउनुभयो। उहाँले बकैया खेलका लागि उर्वर क्षेत्र भएकाले जुरेली रङ्गशालाले पूर्णता पाए यहाँको अझै विकास हुने विश्वास व्यक्त गर्दै रङ्गशालाका लागि आवश्यक बजेट विनियोजन र सहयोग गर्न सधैं अग्रभागमा रहेर सहयोग गर्न तयार रहेको स्पष्ट पार्नुभयो।

करिब तीन बिगाहा क्षेत्रफलमा रहेको यस क्षेत्रमा कभर्डहल, बास्केटबल, टेबलटेनिस, भलिबल, फुटबल मैदानलगायतका खेल खेलाउने गरी रङ्गशाला निर्माण गर्न लागिएको समितिका अध्यक्ष विमल नेपालले जानकारी दिनुभयो। बकैया गाउँपालिकाभित्रको खेलमैदानमध्येको जुरेली खेलमैदान उत्कृष्ट भएकाले रङ्गशालाका रुपमा विकास गर्नका लागि जुरेली खेलमैदानका लागि स्थानीयसँग १५ कठ्ठा जग्गा खरिद गरेकाले त्यसको भुक्तानी गर्न महायज्ञ लगाइएको थियो।

३० चैतमा उद्घाटन गरिएको महायज्ञ बैशाख ७ गते शुक्रबार समापन गरिएको थियो। महायज्ञमा प्रखर पण्डित कपिलदेव भट्टले कथावाचन गर्नुभएको थियो भने दैनिक सयौंको संख्यामा भक्तजनहरूले कथा श्रवण गरेका थिए। रङ्गशाला निर्माणका लागि जिल्ला समन्वय समिति, गाउँपालिका, वडातह र व्यक्तिगतरुपमा सहयोग प्राप्त भएको थियो।

## कार्टुन फ्याक्ट्रीमा आगलागी

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ८ स्थित एक फ्याक्ट्रीमा आगलागी भएको छ। शुक्रबार राति १२ बजेको समयमा हेल्पबक्स प्याकेजिङ प्रालि नामको कार्टुन फ्याक्ट्रीमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

काठमाडौं महानगरपालिका-१९ का सञ्जीव मानन्धरले सञ्चालन गर्दै आइरहेको उक्त फ्याक्ट्रीमा आगलागी भएको हो। प्रहरी र हेटौंडा उपमहानगर पालिकाको दमकलको सहयोगमा शनिबार बिहान ५ बजेर १० मिनेटको समयमा आगो पूर्णरुपमा नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ।

विद्याधनम् सर्वधनम् प्रधानम् ।।

**विद्यार्थी भर्नासम्बन्धी सूचना**

शैक्षिक सत्र २०८१ का लागि निशूल्क भर्ना, पाठ्यपुस्तक, भोजन तथा आवासीय सुविधा समेत निशूल्कसहित संस्कृत वेद विद्यालयमा कक्षा-५ देखि कक्षा-८ सम्म भर्ना खुल्यो। सीमित सिट भएकोले यथाशिघ्र सम्पर्क गरी भर्ना गराउनु हुन विद्यार्थी तथा अभिभावक वर्गमा जानकारी गराइन्छ। व्यक्तित्व विकासका लागि संगीत, योग तथा कम्प्युटरसम्बन्धी विशेष प्रशिक्षणको समेत व्यवस्था गरिएको छ।

सम्पर्कः ९८५५०-६७३२३/९८४५५-३५४३४

**श्री संस्कृत वेद विद्यालय**

हेटौंडा-१०, गोरक्षेश्वर दिव्यधाम, राप्तीतट

**गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउनः**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिँड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईको ध्यान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ